# जिल्ला समन्वय समितिको कार्यालय

## ववरमहल, काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०७६ साउन, भदौ, असोज सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०७६, कार्तिक

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्नेक्रममा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंले आ.व. २०७६/०७७ को प्रथम त्रैमासिक (साउन, भदौ र असोज महिनामा) सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## विषयसूची


१. जि.स.स.को स्वरुप र प्रकृति

२. जि.स.स.को काम, कर्तव्य र अधिकार

३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स.बाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेभसाइट

१६. सूचना परियोजनामाप्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

अनुसूची- १: जि.स.स. पदाधिकारीहरुको विवरण

अनुसूची-२ जि.स.स.बाट सम्पादित कृयाकलापका केही झलकहरु

# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

काठमाडौ, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व. २०७६/०७७ (२०७६ साउन, भदौ, असोज)

## १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समिति कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था छ । काठमाडौं जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

काठमाडौं जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमति रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन् ।

नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था भई संविधानको धारा २२०(७) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय वमोजिमका कार्यहरु यस्को कार्यक्षेत्र भित्र पर्दछन् ।

(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम जिल्ला समन्वय समितिले गर्नु पर्ने कार्यहरु निम्नानुसार रहेका छन्।

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारका कार्यहरु

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने उल्लेख छ।

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

**(ग) प्रदेश नं. ३, प्रदेश सरकारद्धारा प्रकाशित जि.स.स.को काम, कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ मा उल्लेखित कार्यहरु**

## ३. जिल्ला समन्व्य समितिमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि नं | श्रेणी /तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | रा.प. द्वितीय | जिल्ला समन्वय अधिकारी श्री पीताम्वर अधिकारी | कार्यालय प्रमुख |
| २ | रा.प. तृतीय | शाखा अधिकृत श्री लक्ष्मी सुन्दर अवाल | प्रशासन |
| ३ | रा.प.अनं. प्रथम | नायव सुव्वा श्री महेश भट्टराई | प्रशासन |

| सि नं | श्रेणी /तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| ४ | रा.प.अनं. प्रथम | लेखापाल श्री शारदा कोईराला | लेखा |
| ५ | रा.प.अनं. द्धितिय | खरिदार श्री गोविन्द प्रसाद फुयल | प्रशासन, स्टोर |

## करार तर्फ

| सि नं | श्रेणी/तह | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | समन्वयकर्ता | श्री मनमीरा श्रेष्ठ | गरीवसंग विशेश्वर कार्यक्रम |
| २ | सहायसस्तर पांचौं | पि.ए. श्री कृष्ण श्रेष्ठ | जिसस प्रमुखज्यू कक्ष |
| ३ | श्रेणी विहिन | सवारी चालक श्री कुमार खत्री क्षेत्री | प्रमुखज्यूको सवारी |
| ४ | श्रेणी विहिन | सवारी चालक श्री बलराम श्रेष्ठ | उपप्रमुखज्यको सवारी |
| ५ | श्रेणी विहिन | सवारी चालक श्री भेष बहादुर खड्का | कार्यालय प्रमुखज्यूको सवारी |
| ६ | श्रेणी विहिन | कार्यालय सहयोगी श्री सुनिता घिमिरे | प्रशासन |
| ७ | श्रेणी विहिन | सफाई कर्मचारी श्री निलमाया देउला | प्रशासन |

## ४. जि.स.स.बाट प्रदान गरिने सेवा :

- वुँदा नं १ र २ मा उल्लेख भए वमोजिम र सो संग सम्वन्धित सवै प्रकारका सेवा उपलव्ध गराउने ।
- विभिन्न निकायहरु विच समन्वय र अनुगमन सम्वन्धी कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखा | शाखा प्रमुखको पद र नाम | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन, सूचना | शाखा अधिकृत श्री लक्ष्मी सुन्दर अवाल | |
| २ | प्रशासन | नायव सुव्वा श्री महेश भट्टराई | |
| ३ | लेखा शाखा | लेखापाल श्री शारदा कोईराला | |
| ४ | प्रशासन | खरिदार श्री गोविन्द प्रसाद फुयल | |
| ५ | गरीवसंग विशेश्वर कार्यक्रम | जिल्ला समन्वयकर्ता श्री मनमीरा श्रेष्ठ | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

जि.स.स.वाट प्राप्त हुने सेवाहरु निःशुल्क रुपमा प्राप्त हुने गरेको ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- शाखासंग सम्वन्धित नियमित कामहरु शाखा प्रमुखबाट निर्णय हुने ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाटै हुनुपर्ने भनी तोकिएको कामहरु कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- जिल्ला समन्वय अधिकारी मातहतबाट भएको निर्णयको जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीबाट भएको निर्णयको जि.स.स. प्रमुख
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्यव्यवहारवारे गुनासो सुन्ने अधिकारी  शाखा अधिकृत

९. सम्पादन गरेको कामको विवरण (२०७६ साउन देखि असोज मसान्त)

**(क) विभिन्न शाखावाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु :**

**(१) प्रशासन शाखा मार्फत भएका कार्यहरु :**

- मिति २०७६।०४।२४ गतेको काठमाडौं जिल्लाको तेस्रो जिल्ला सभा लागि संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, स्थानीय पालिका प्रतिनिधि एवं कर्मचारीलाई आमन्त्रित गर्ने कार्य गरियो ।
- मिति २०७६।०५।३० गते  जिल्ला समन्वय समिति, काठमाडौं र काठमाडौं जिल्लाका स्थानीय तहहरुको वार्षिक समिक्ष कार्यक्रमका लागि आवश्यक कार्य  गरियो ।
- संघीय तथा प्रादेशिक मन्त्रालयका विभिन्न मितिका विभिन्न पत्रानुसार स्थानीय पालिका संगको समन्वयात्मक कार्य, आदि ।

**(२) सूचना शाखाबाट सम्पादन भएका र हुँदै आएका कार्यहरु :**

- Website अद्यावधिक सम्वन्धी (www.ddcktm.gov.np) जि.स.स.का सवै गतिविधिहरु नियमित रुपमा अद्यावधिक भईरहेको ।
- Bulk SMSसम्वन्धी कार्य (३३२३४) : जि.स.स.ले आयोजना गर्ने कार्यक्रमहरुको लागि सरोकारवालाहरुलाई Bulk SMS मार्फत सूचना दिने गरिएको ।
- E-Attendence (विद्युतीय हाजिरी) व्यवस्थापन सम्वन्धी कार्य ।
- राष्ट्रिय सूचना आयोगले संचालनमा ल्याएको स्वतः प्रकाशन व्यवस्थापन प्रणाली (PDMS) सम्वन्धी कार्यहरु सम्पादन गर्दै आएको जस अनुसार गत आ.व. २०७५/०७६ को तेस्रो त्रैमासिक अवधिको स्वतः खुलासा (PDMS) विवरण nic.gov.np/pdms.gov.np र जि.स.स.को वेवसाईट www.ddcktm.gov.np मा प्रकाशित भईसकेको ।
- कम्प्यूटर सम्वन्धी अन्य कार्यहरु ।
- जि.स.स.बाट संचालन हुने सवै वैठक तथा कार्यक्रम व्यवस्थापनमा सहजीकरण ।
- जि.स.स.बाट सम्पादन हुने कार्यहरुमा सहजीकरण ।

**(४) सामाजिक विकास सम्वन्धी :**

- चालु आ.व.को प्रथम त्रैमासिक अवधिमा देहायका संस्थाहरुलाई पूर्वस्वीकृती उपलव्ध गराइएको ।

| संस्थाको नाम | परियोजनाको नाम | अवधि | दातृ संस्था | कुल वजेट रु. |
|---|---|---|---|---|
| नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा | सिमान्तकृत जनसंख्याको आँखा स्वास्थ्यमा पहुँचका | मे. २०१९ देखि डि. २०२३ सम्म | हिमालयन क्याट्र्याक प्रोजेन्ट | |

| | | | | |
|---|---|---|---|---|
| प्रतिष्ठान | लागि तिलगंगा आँखा कार्यक्रम (तिलगंगा आँखा प्रतिष्ठान) | | | |
| नेपाल परिवार नियोजन संघ, उपत्यका शाखा, काठमाडौं | Gobal Comprehensive Abortion Care Initiative Project | Jan 2019 to Dec 2021 | Anonymous Fund | ३३,२७,६७४।०० |
| नेपाल परिवार नियोजन संघ, उपत्यका शाखा, काठमाडौं | Advancing SRHR of persons with Disability | Jan 2019 to Dec 2021 | Finland Government | १७,७७,५१०।०० |
| नेपाल परिवार नियोजन संघ, उपत्यका शाखा, काठमाडौं | Enable Young People to acess Comprehensive Sexulity Education (CSE) | Apr 2019 to Dec 2021 | JOICEF | ५,५२,७००।०० |

निम्नानुसारका संस्थाको जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी संस्थाद्धारा संचालित कार्यक्रमहरुको समीक्षा गरिएको ।

| क.स. | संस्थाको नाम | परियोजनाको नाम | वैठक भएको मिति |
|---|---|---|---|
| १ | साझा सवालका लागि साझा मञ्च (कोकन) | काठमाडौं जिल्लामा बालवालिकाहरुको क्षेत्रमा संचालित बालगृह | २०७६।०४।१० |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. कार्यालय प्रमुखः जिल्ला समन्वय अधिकारी श्री पीताम्वर अधिकारी

२. सूचना अधिकारी शाखा अधिकृत श्री लक्ष्मी सुन्दर अवाल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि ऐन, २०५५
- **नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५**

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

<u>२०७६ असोज मसान्त सम्मको खर्च :</u>

जि.स.स. अनुदान तर्फको खर्च २५,५४,७५३।९०

<u>जि.स.स.को आफ्नो स्वः आर्जनतर्फ :</u>

आम्दानी (घर/जग्गा भाडा, वालुवा ढुंगा अवैध ओसारपसार वापत जरिवाना वापत)रकम संकलन हुने गरेको ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

- नेपाल सरकार र सम्वन्धित मन्त्रालय र विभागबाट प्राप्त परिपत्र, निर्देशन वमोजिमका कार्यहरु ।
- जिल्ला शिक्षा समिति, लघु उद्यमविकास समिति, पशुपति क्षेत्र विकास कोष, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पुननिर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगतयका अन्य विभिन्न समितिहरुमा तोकिए वमोजिम अध्यक्षता एवं प्रतिनिधित्व हुने गरेको ।

**१४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू :**

- जिल्ला समन्वय समितिबाट गत आ.व. २०७४/०७५ मा सम्पादित कार्यहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ (ञ) मा उल्लेख भए वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा २०७५ आश्विन २ गते काठमाडौं जिल्लाका सवै स्थानीय तहहरुको वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न । सो प्रगति विवरण जि.स.स.को वेवसाईट www.ddcktm.gov.np मा राखिएको छ ।

**१५. सार्वजनिक निकायको वेबसाइट :**

www.facebook.com/helloDCCKTM
यस कार्यालयको वेवसाईट www.ddcktm.gov.np
बिभिन्न जानकारीका लागि हेलो फेसबुकमा संचालनमा रहेको
www.facebook.com/helloDCCKTM
ईमेल ddckathmandu@gmail.com, info@ddcktm.gov.np

**१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एव्म सम्झौता सम्बन्धी विवरणः**

यो अवधिमा कुनै सम्झौता नभएको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदनः**

- प्रत्येक महिनाको ७ गते जि.स.स. पदाधिकारीहरुको नियमित वैठक वस्ने गरेको र आवश्यकतानुसार समय समयमा वैठक वस्ने गरेको । (जि.स.स. वैठकका सवै निर्णयहरु वेवसाईट ddcktm.gov.np र फेसवुक पेज

www.facebook.com/helloDCCKTM मा राखिएको) प्रथम त्रैमासिक अवधिमा ३ वटा जि.स.स. वैठक बसिएको ।

- मिति २०७६।०४।२४ गते माननीय माधव कुमार नेपालज्यूको प्रमुख अतिथ्यमा काठमाडौं जिल्लाको तेस्रो जिल्ला सभा सम्पन्न गरियो ।
- मिति २०७६।०५।३० गते जिल्ला समन्वय समिति, काठमाडौं र काठमाडौं जिल्लाका स्थानीय तहहरुको वार्षिक समिक्ष कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०७६।०६।१३ गते जि.स.स. प्रमुख श्री शिव सुन्दर राजवैद्यज्यूको प्रमुख आतिथ्यतामा भुकम्पपछिको पुन:निर्माण प्रगति, नयाँ व्यवस्था र भावी योजनाका बारे सरोकारवालाहरु सँग छलफल गरियो ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली:**

सबै सूचना खुल्ला रहेको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय:**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम यस चौथौ चौमासिकमा विभिन्न व्यक्तिबाट मौखिक रुपमा सूचना माग गरे बमोजिम सूचना उपलब्ध गराईएको थियो ।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:**

जिल्ला समन्वय समितिका सबै गतिविधिहरु वेवसाईट र फेसवुकमार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको ।

## अनुसूची १

# जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण

| पद | नाम | सम्पर्क नम्वर |
|---|---|---|
| प्रमुख | श्री शिवसुन्दर राजवैद्य | ९८५१२७३०५० |
| उपप्रमुख | श्री सरिता दाहाल | ९८५१२७३०७२ |
| **सदस्य** | श्री उद्धव भण्डारी | ९८६०९०९५५८ |
| सदस्य | श्री कृष्ण प्रसाद लम्साल | ९८५१२३४३३४ |
| **सदस्य** | श्री तेजिला थापा | ९८४९२९९४२३ |
| **सदस्य** | श्री रघुनाथ तिमिल्सिना | ९७४१०२०८९९ |
| **सदस्य** | श्री शिला चर्मकार | ९८६०३३४७४५ |
| **सदस्य** | श्री सान्नानी लामा | ९८४१४९८७५८ |
| **सदस्य** | श्री सावित्रि ढकाल | ९८५१११६४३९ |

## अनुसूची २

## (जि.स.स.बाट सम्पादित कार्यका झलकहरु)

### मिति २०७६।०४।२४ गते सम्पन्न काठमाडौं जिल्लाको तेस्रो जिल्ला सभाको झलकहरु









## मिति २०७६।०५।३० गते सम्पन्न जिल्ला समन्वय समिति, काठमाडौं र काठमाडौं जिल्लाका स्थानीय तहरुको वार्षिक समिक्षा कार्याक्रमको झलकहरु





